स्थानीय सरकार

# घोराही उप-महानगरपालिका

## नगर सभाको १९औं अधिवेशन

नगर प्रमुख तथा नगर सभा अध्यक्ष श्री नरुलाल चौधरीज्यूबाट घोराही उप-महानगरपालिकाको नगर सभा समक्ष प्रस्तुत भएको आर्थिक वर्ष २०८३/८४ का लागि घोराही उप-महानगरपालिकाको

# नीति तथा कार्यक्रम

नगर सभामा पेश भएको मितिः २०८३/०३/०३

नगर सभाबाट पारित भएको मितिः २०८३/०३/०५

स्थानीय सरकार

घोराही उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

**नगरसभा सदस्यज्यूहरु,**

१. स्थानीय सरकार नागरिकहरूको घरदैलोमै सेवा पुऱ्याउने शासन संरचनाको मूल आधार हो। यही स्थानीय सरकारको प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम यस गरिमामय नगरसभामा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त गौरवको अनुभूति भएको छ।

२. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाले निर्माण गरेको संघ, प्रदेश र स्थानीय सरकारका तीन तहहरूमध्ये हामी स्थानीय सरकार, जनतासँग प्रत्यक्ष रूपमा आबद्ध रहेर आर्थिक, सामाजिक, भौतिक, साँस्कृतिक, कानुनी लगायत जनजीविका सम्बन्धी सवालहरूको संरक्षण, प्रवर्द्धन र रुपान्तरण गर्नुका साथै सुशासन कायम गर्ने जिम्मेवारीका साथ अघि बढिरहेका छौं।

३. यस वर्षको नीति तथा कार्यक्रम विभिन्न क्षेत्रका विषय विज्ञ, सरोकारवाला निकाय, नागरिक समाज र नगरवासीहरूसँगको परामर्श र संवाद मार्फत प्राप्त सुझावहरूको समुचित एकीकरणका आधारमा तयार पारिएको हो। नीति निर्माण प्रक्रियामा सहभागी भई अमूल्य सुझाव दिनुहुने सम्पूर्ण नगरवासी तथा सरोकारवाला महानुभावहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

४. यसै सन्दर्भमा, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापनाका लागि नेपाली जनताले गरेको लामो राजनीतिक संघर्ष, आन्दोलन तथा क्रान्तिमा जीवन उत्सर्ग गर्नु भएका सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। ऐतिहासिक परिवर्तनका अग्रपंक्तिमा रहेर नेतृत्व गर्नु भएका महान् अग्रज नेताहरू, घाइते योद्धा तथा वेपत्ता नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

५. नगर स्थापना कालदेखि नै नगरको चौतर्फी विकासका विविध आयाममा सक्रिय भूमिका निर्वाह गर्नु भएका यहाँका अग्रज व्यक्तित्वहरू प्रति समेत उच्च आदर व्यक्त गर्दै, उहाँहरूले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु।

६. नेपालको संविधानले स्थानीय सरकारलाई प्रदान गरेको अधिकारको परिपालन गर्दै, घोराही उपमहानगरपालिकाले ऐन, कानून र कार्यविधिहरूको निर्माण तथा संस्थागत व्यवस्थापन मार्फत नीतिगत, कानुनी, संरचनागत र व्यवस्थापकीय सुधार गर्दै सेवा प्रवाह, समृद्धि र विकास निर्माणका क्रियाकलापलाई सँगसँगै अघि बढाएको छ। संविधानले परिकल्पना गरेको स्वशासनको भावनालाई मूर्तरूप दिन हामी प्रतिबद्ध छौं।

**नगरसभा सदस्यज्यूहरु,**

७. अब म यस सम्मानित सभा समक्ष चालु आर्थिक वर्षसम्म हासिल भएका मुख्य मुख्य क्षेत्रगत उपलब्धीहरुको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

८. नेपालको संविधानले प्रदान गरेका अधिकारहरूको उपयोग गर्दै, हामीले **"स्थानीय सरकार सञ्चालन ऐन २०७४"** अन्तर्गत विकास, सेवा र सुशासनको यात्रालाई तीव्र गतिमा अगाडि बढाएका छौं। घोराही उपमहानगरपालिकाले हालसम्म १३८ वटा कानून निर्माण गरी स्थानीय शासनलाई विधिसम्मत र उत्तरदायी बनाउँदै आएको छ। चालु आर्थिक वर्षमा मात्रै ५ वटा कानूनहरू निर्माण भएका छन्, जसले जनअपेक्षा अनुसार विकास, व्यवस्थापन र सेवा प्रवाहमा उल्लेखनीय टेवा पुऱ्याएको छ।

९. हामीले नगरको समग्र विकासलाई प्राथमिकतामा राख्दै भौतिक पूर्वाधार निर्माण तथा विस्तारका क्षेत्रमा उल्लेखनीय उपलब्धिहरू हासिल गरेका छौं। स्थानीय तह निर्वाचन २०७४ पश्चात् हालसम्म १९८.२ किलोमिटर सडक कालोपत्रे, ४५८ किलोमिटर सडक ग्राभेल तथा स्तरोन्नति, २८० किलोमिटर नयाँ सडक निर्माण तथा ६८.३ किलोमिटर सडक मर्मत कार्य सम्पन्न गरिएको छ। साथै २०७ वटा कल्भर्ट र ५ वटा झोलुङ्गे पुल निर्माण गरी सबै वडाहरुलाई सडक सञ्जाल मार्फत नगर केन्द्रसँग जोड्ने कार्य सफलतापूर्वक सम्पन्न भएको छ। यस कार्यबाट नागरिकको सामाजिक, आर्थिक तथा दैनिक जीवनयापनमा सकारात्मक परिवर्तन ल्याइएको छ।

१०. सफा, स्वस्थ र व्यवस्थित नगर निर्माण गर्ने लक्ष्यअनुसार ९९ किलोमिटर ढल तथा नाला निर्माण र १ वटा स्यानेटरी ल्यान्डफिल साइट निर्माण गरिएको छ। साथै २०.९ किलोमिटरभन्दा बढी क्षेत्रमा नदी नियन्त्रण तथा तटबन्ध निर्माणका कार्य सम्पन्न भई बाढी तथा कटान नियन्त्रणमा महत्वपूर्ण योगदान पुगेको छ।

११. नगरवासीलाई स्वच्छ तथा सुरक्षित खानेपानी उपलब्ध गराउने उद्देश्यका साथ १०८ वटा कुवा र ७७ वटा डिप बोरिङ निर्माण गरिएको छ। संघीय तथा प्रदेश सरकारका सम्बन्धित निकाय, स्थानीय उपभोक्ता समिति तथा समुदायको सहकार्यबाट हाल करिब ९२ प्रतिशत घरधुरीमा स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गर्न सफल भएका छौं।

१२. कृषि उत्पादन वृद्धि तथा जलस्रोतको अधिकतम उपयोगका लागि ४३ वटा कृत्रिम जलाशय निर्माण गरी ७३८ हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गरिएको छ। त्यसैगरी ८७ किलोमिटर विद्युत प्रसारण लाइन विस्तार तथा वैकल्पिक ऊर्जा प्रवर्द्धनका लागि ७

वटा सौर्य ऊर्जा प्लान्ट स्थापना गरिएको छ। यी प्रयासहरूले कृषि उत्पादन वृद्धि, वातावरणीय सन्तुलन कायम गर्न तथा पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याएका छन्।

१३. युवा तथा समुदाय केन्द्रित विकासलाई प्राथमिकता दिँदै १५ वटा खेल मैदान, १ वटा हाटबजार/मन्डी, २७ वटा विद्यालय भवन तथा ३९ वटा नयाँ कक्षाकोठा निर्माण तथा मर्मत गरिएको छ। स्वास्थ्य सेवा सुदृढीकरणका लागि २८ वटा स्वास्थ्य संस्थाका भवन निर्माण तथा तला थप कार्य सम्पन्न भएका छन्। साथै योग हल, ध्यान केन्द्र, कभर्ड हल, यात्रु प्रतीक्षालय, ९ वटा सार्वजनिक शौचालय तथा ४२ वटा सामुदायिक भवन निर्माण गरी सामुदायिक एकता र जनसहभागिता अभिवृद्धि गरिएको छ।

१४. धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनका लागि २३ वटा मठ, मन्दिर, गुम्बा, चर्च र मदरसा लगायतका धार्मिक स्थलहरूको निर्माण तथा मर्मत कार्य सम्पन्न गरिएको छ। साथै ४० वटा भुयाँरथान निर्माण गरी स्थानीय संस्कृति र परम्पराको संरक्षणमा योगदान पुऱ्याइएको छ। १९ वटै वडाका कार्यालय भवन निर्माण तथा मर्मत कार्य सम्पन्न गरिएको छ भने जलाशय, विद्यालय, स्वास्थ्य संस्था, मन्दिर तथा अन्य सार्वजनिक सम्पत्तिको संरक्षणका लागि ४१ किलोमिटर तारबार निर्माण गरिएको छ।

१५. मा.वि. धर्ना, जजरा गाउँ, रतनपुर, तोष, डाँडागाउँ, खैरा, काठेकोहल, चौघेरा तथा प्रा.वि. पेदा, हरिद्वार, आमधारा, गुर्जे लगायत १७ वटा विद्यालयमा भवन निर्माण, मर्मत तथा थप तला निर्माण कार्य सम्पन्न हुनुका साथै ६ वटा नयाँ तथा अधुरा भवन निर्माणको क्रममा रहेका छन्। विद्यालय तथा समुदायको आवश्यकतालाई मध्यनजर गर्दै खानेपानी प्रणाली मर्मत, शौचालय निर्माण तथा अन्य अत्यावश्यक पूर्वाधार विकासका कार्यहरू सफलतापूर्वक सम्पन्न भएका छन्।

१६. विद्यालय तहको शिक्षामा खुद भर्नादर बढेको, कक्षा दोहोऱ्याउने तथा बिचमै कक्षा/विद्यालय छोड्नेको संख्या उल्लेख्य रुपमा कमी हुदै गएको, सिकाई उपलब्धीमा बढोत्तरी भएको तथा समग्र शैक्षिक सुशासनमा सुधार भएको छ।

१७. विपन्न नागरिक उपचार सेवा अन्तर्गत आठ प्रकारका रोगहरु मुटुको शल्यक्रिया, क्यान्सर, मृगौला डायलासिस, पार्किन्सन, अल्जाईमर, हेडईन्जुरी, स्पाईनल ईन्जुरी र सिकलसेल एनिमियाका बिरामीहरुलाई उपचार सहुलियतको सिफारिस गरिएको छ।

१८. प्रजनन स्वास्थ्य रुग्णता कार्यक्रम अन्तर्गत घोराही उपमहानगरपालिकाका विभिन्न वडाहरुमा स्थलगत रुपमा पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर र आङ खस्ने समस्या रोकथाम तथा पत्ता लगाउनका लागि पाठेघरको जाँच गर्ने कार्यक्रम सञ्चालन गरी चालु आ.व.मा मात्र जम्मा ३,१६९ जना महिलाहरुलाई सेवा प्रदान गरिएको छ। संस्थागत

परिवार नियोजन क्लिनिकबाट पाठेघरको मुखको कयानसरको नियमित जाँच गर्ने गरिएको छ।

१९. ज्येष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य उपचार कार्यक्रमलाई निरन्तरता दिँदै ७० बर्ष माथिका नागरिकको स्वास्थ्य परिक्षणको परामर्शका लागि स्वास्थ्यकर्मीहरुबाट नियमित मासिक रुपमा घरमै गई स्वास्थ्य उपचार तथा परामर्श सेवा प्रदान गरिएको छ।

२०. चालु आ.व.मा ५१८९ जना नागरिकहरुलाई नसर्ने रोग तथा मानसिक रोग सम्बन्धी स्क्रिनिङ गरिएको छ।

२१. **"उज्यालो संसार"** कार्यक्रम अन्तर्गत राप्ती आँखा अस्पताल रक्षाचौर तुलसीपुरको सहकार्यमा मोतियाबिन्दुको शल्यक्रिया निःशुल्क गर्ने व्यवस्था मिलाइएको छ।जस अन्तर्गत आर्थिक वर्ष २०८२/८३ मा ३८४ जना नगरवासीले निःशुल्क मोतियाबिन्दुको शल्यक्रिया सेवा प्राप्त गर्नु भएको छ।साथै आँखा जाँच शिविरबाट ३,३२२ जना नगरवासी लाभान्वित हुनु भएको छ।

२२. नगर प्रमुख रक्तसंचार कार्यक्रमबाट आ.व. २०८२/८३ मा जम्मा ६७७ पिन्ट रगत प्रदान गरिएको छ।जस अन्तर्गत जम्मा २३६ जनाले निःशुल्क रगत प्राप्त गर्नु भएको छ।

२३. घोराही उपमहानगरपालिकाका २ वर्ष मुनिका सबै बालाबालिकाहरुलाई खोप प्रदान गरी पूर्ण खोप नगर सुनिश्चितता गरिएको छ।

२४. बालमैत्री नगर दिगोपनाको लागि सरोकारावाला सबैको सहयोग, सहाकार्य र समन्वयमा सूचक अनुसार कार्यक्रम संचालन गरिएको छ।यसै चालु आ.व.मा घोराही उपमहानगरपालिकालाई लैङ्गिक हिंसा नियन्त्रित नगर घोषणा गरिएको छ।

२५. चालु आ.व.मा ९८ जना जेष्ठ नागरिकहरुलाई ज्येष्ठ नागरिक परिचय पत्र र १०६ जना अपाङ्गता भएको व्यक्तिलाई अपाङ्ग परिचय पत्र वितरण गरिएको छ।

२६. मानव कल्याण आश्रम सेवा घर, शान्ति बाल गृह र अल्पकालिन सेवा गृह मार्फत सडक मानव, बेवारिसे बालबालिका, हिंसा पिडित महिलाहरुको व्यवस्थापन तथा पुनर्स्थापन गरिएको छ।

२७. चालु आर्थिक वर्षको हालसम्म आई पुग्दा सामाजिक सुरक्षा वापत भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या १७३७४ कायम रहेको छ र उहाँहरुले बैंक मार्फत चालु आर्थिक वर्षमा रु. ६३ करोड ५८ लाख ५७ हजार ९ सय ४१ रुपैया भुक्तानी प्राप्त गर्नु भएको छ।

२८. कृषि तर्फ चालु आ.व.मा साना सिँचाइ कार्यक्रम, यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम, तरकारी कम्पोजिट बीउ वितरण, मौरीपालन सम्बन्धी तालिम, मागमा आधारित स्थलगत तालिम जस्ता कार्यक्रमहरु सम्पन्न भएका छन्।

२९. घोराही उपमहानगरपालिकाले चालु आ.व.मा ४ स्थानमा घुम्ती पशु स्वास्थ्य शिविर सञ्चालन गरी ५५७ कृषकलाई सेवा प्रदान, ४२५ गाई र ६२९ भैंसीमा कृत्रिम गर्भाधान, ५ वटा जलाशयमा ४०,५०० माछाका भुरा वितरण, १२० कृषकलाई १,१७० के.जी. सुडान र ६५० के.जी. टियोसेटी घाँस बीउ वितरणका साथै ४०० थान रेबिज खोप, ९,००० थान एफएमडी खोप र २५,००० पीपीआर खोप वितरण गरी पशु सेवाको विस्तार तथा पशु उत्पादन वृद्धि गरिएको छ।

३०. चालु आ.व.मा पर्यटन तथा संस्कृति प्रवर्द्धन तर्फ माघी महोत्सव, श्रष्टा सम्मान तथा पुरस्कार कार्यक्रमका साथै पञ्चैबाजा, सरंगे नाच र गुरुकुलका लागि वाद्यवादन सामग्री सहयोगमार्फत कला, साहित्य, संस्कृति तथा परम्परागत लोपोन्मुख वाद्यवादन र नृत्यको संरक्षण एवं प्रवर्द्धनमा टेवा पुगेको छ।

३१. विपद् व्यवस्थापन तथा खोज-उद्धार कार्यलाई प्रभावकारी बनाउन नमूना अभ्यास कार्यक्रम सञ्चालन गरिएको छ। यसै आर्थिक वर्षमा स्वच्छ वातावरण प्रवर्द्धन तथा वैकल्पिक स्वच्छ ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने उद्देश्यले १,३०० थान इन्डक्सन चुलो, ४५० थान तीन तह प्लस सुधारिएको चुलो तथा ५० थान बायोग्यास प्रणाली वितरण तथा जडान गरिएको छ।

३२. वन संरक्षण तथा व्यवस्थापन तर्फ स्थानीय वन ऐन बमोजिम १७ वटा निजी वन मध्ये केही दर्ता भएका छन् भने केही निजी वन दर्ता प्रक्रियामा रहेका छन्। यसका साथै, ३ वटा सार्वजनिक वनको दर्ता प्रक्रिया सफलतापूर्वक सम्पन्न भई वन स्रोतको दिगो संरक्षण, व्यवस्थापन तथा उपयोगमा योगदान पुगेको छ।

३३. चालु आर्थिक बर्षको असार २ गते सम्ममा आन्तरिक राजश्व तथा शुल्क करिब रु. २१ करोड ३ लाख ७८ हजार ५३७ र बैशाख मसान्त सम्ममा मालपोत रजिष्ट्रेसनबाट प्राप्त आय रु. १९ करोड ८ लाख २५ हजार ९३० गरी जम्मा आन्तरिक आय रु. ४० करोड १२ लाख ४ हजार ४६७ संकलन भएको छ।

३४. कार्यालयबाट प्रवाह हुने सेवा तथा सम्पादन हुने कार्यहरुलाई सूचना प्रविधि प्रणालीमा आबद्ध गरी सेवा प्रवाह तथा कार्यहरुलाई सहज, प्रभावकारी तथा व्यवस्थित बनाइएको छ। सूचना प्रविधिको प्रयोगलाई व्यापक रूपमा विस्तार गर्दै सबै वडा कार्यालय, स्वास्थ्य संस्था, सेवा केन्द्र तथा विभिन्न इकाईहरूमा आवश्यक सूचना प्रविधि उपकरण जडान तथा

इन्टरनेट सेवा उपलब्ध गराइएको छ। यसमार्फत विद्युतीय शासनसँग सम्बन्धित ई-सेवाहरू, अनलाइन घटना दर्ता, अनलाइन नागरिकता सिफारिस, अनलाइन प्रणाली मार्फत राजस्व संकलन लगायतका सेवाहरू वडास्तरबाटै सञ्चालन भई नगरवासीहरूलाई सहज, छिटोछरितो तथा प्रभावकारी सेवा प्रवाह गरिएको छ। साथै, अधिकांश सामुदायिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला (ICT Lab) स्थापना गरी कम्प्युटरमा आधारित शिक्षण-सिकाइ प्रणाली सञ्चालनमा ल्याइएको छ।

३५. वेबसाइट, समूह एसएमएस (Group SMS), मल्टिमिडिया तथा सामाजिक सञ्जाल लगायतका आधुनिक सञ्चार माध्यमहरूको प्रभावकारी उपयोगमार्फत सूचना प्रवाह प्रणालीलाई थप अद्यावधिक, पारदर्शी तथा प्रभावकारी बनाइएको छ।

३६. रेडियो तथा टेलिभिजन कार्यक्रम, छापा माध्यममा प्रकाशित लेख तथा अन्य सञ्चार माध्यमहरूको प्रयोगमार्फत नगरवासीहरूलाई आवश्यक सूचना तथा जानकारी प्रदान गरिएको छ।

३७. स्थानीय सरकारका गतिविधि तथा सेवा प्रवाहप्रति नागरिकको सहभागिता र निगरानी अभिवृद्धि गर्न आवधिक रूपमा नियमित सार्वजनिक सुनुवाइ कार्यक्रमहरू सञ्चालन गरी सार्वजनिक जवाफदेहिता, पारदर्शिता तथा सुशासन प्रवर्द्धन गरिएको छ।

३८. त्रैमासिक तथा वार्षिक रूपमा योजना तथा कार्यक्रमहरूको प्रगति समीक्षा गरी सुधार आवश्यक रहेका पक्षहरूको पहिचान गरिएको छ। पहिचान भएका विषयहरूलाई नीति तथा कार्यक्रममा समावेश गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ।

३९. स्थानीय तह कार्यसम्पादन मूल्याङ्कन, स्वतः प्रकाशन, सेवा प्रवाह सुधार तथा सुशासन प्रवर्द्धनसँग सम्बन्धित संस्थागत सुधारका कार्यहरू निरन्तर रूपमा सञ्चालन हुँदै आएका छन्, जसले हाम्रो स्थानीय सरकारको कार्यक्षमता, पारदर्शिता तथा उत्तरदायित्व अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

४०. सूचनाको हकसम्बन्धी प्रचलित कानुनी व्यवस्था अनुरूप चालु आर्थिक वर्षमा माग गरिएका १८ वटा सूचनाहरू सम्बन्धित सेवाग्राही तथा सरोकारवालाहरूलाई समयमै उपलब्ध गराई सूचनाको हकको प्रभावकारी कार्यान्वयन, पारदर्शिता तथा सुशासन प्रवर्द्धन गरिएको छ।

४१. उपभोक्ता हितसँग सम्बन्धित कार्यहरु अन्तर्गत चालु आ.व.मा १३३ वटा पसल, २३ वटा डेरी र २० वटा मासु पसलको संयुक्त बजार अनुगमन, ५०० भन्दा बढी उपभोक्ता तथा सरोकारवालालाई सचेतनामूलक कार्यक्रम, २३ वटा उपभोक्ता गुनासोको सुनुवाइ, फुटपाथ तथा ठेला व्यवसाय व्यवस्थापन, खुला कृषि बजार सञ्चालन तथा म्याद नाघेका

सामग्री नष्ट गरी उपभोक्ता अधिकार संरक्षण, बजार व्यवस्थापन र उपभोक्तामैत्री वातावरण निर्माणमा सहयोग पुगेको छ।

४२. न्यायिक समितिमा सरोकारवाला पक्षसँग अन्तर्क्रिया कार्यक्रम, न्यायिक समितिद्वारा सम्पादित कार्य प्रगति बारे पत्रकार मार्फत आम नागरिकलाई जानकारी दिने उद्देश्यले त्रैमासिक रुपमा पत्रकार सम्मेलन संचालन गरिएको छ। ऐन, कानून तथा कार्यविधि निर्माण प्रकृयालाई सहजता प्रदान गर्न आवश्यकता अनुसार विधेयक समितिमा छलफल गराई टुङ्गो लगाउने गरिएको छ।

४३. अघिल्लो वर्षबाट सरी आएका २७ र चालु आ.व. २०८२/८३ मा दर्ता भएका ६८ गरी जम्मा ९५ विवाद मध्ये ७६ वटा विवादको मिलापत्र/अन्तिम निर्णय भएका छन् भने १९ वटा विवाद प्रकृयामा रहेका छन्। यसरी जिम्मेवारी सरी आएका र दर्ता भएका विवादहरु मध्ये ८०% विवाद फछ्र्यौट भएका छन्।

४४. बैदेशिक रोजगारलाई सुरक्षित एंव मर्यादित र उपलब्धीमूलक बनाउन वित्तीय साक्षरता, मनोसामाजिक परामर्श सहित विभिन्न कार्यक्रमहरु संचालन भएका छन्।

४५. चालु आ.व.मा वैदेशिक रोजगारीमा जान चाहने युवाहरुलाई आप्रवासी स्रोत केन्द्रवाट सुरक्षित वैदेशिक रोजगार सम्वन्धी ४,८४७ जनालाई सूचना प्रवाह गरिएको छ। सुरक्षित बैदेशिक रोजगार सम्बन्धी १५ वटा समुदाय स्तरीय अभिमुखिकरण कार्यक्रम सम्पन्न भएका छन। त्यस्तै वैदेशिक रोजगारीसँग सम्बन्धित विभिन्न ७७ वटा समस्याहरु मध्ये ३६ वटा समाधान गरिएको छ भने बाँकी ४१ वटा समस्याहरु समाधान गर्न प्रक्रिया अगाडी बढाइएको छ। मनोसमाजीक परामर्श सेवा अन्तर्गत ३२ जनालाई सेवा दिएको छ भने वित्तीय सक्षरता अन्तर्गत २ वटा २१ हप्ते कक्षा र १३ वटा समुदाय, बिद्यालय र सहकारीका सदस्यहरुको लागि वित्तीय सक्षरता कक्षा संचालन गरिएको छ ।

**नगरसभा सदस्यज्यूहरु,**

४६. अब म आगामी आर्थिक वर्ष २०८३/८४ का लागि उपमहानगरपालिकाले अवलम्बन गर्ने नीति तथा कार्यक्रम सम्मानित नगर सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

४७. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दिगो विकास लक्ष्यहरू (SDGs), नेपाल सरकारको सोह्रौं योजनाको मार्गदर्शन, संघीय तथा प्रदेश सरकारको नीति तथा प्राथमिकता, उपमहानगरपालिकाको एकीकृत शहरी विकास योजना, आवधिक योजना साथै नगरको विशिष्ट सम्भाव्यता र आवश्यकता तथा नगरवासी आमाबुबा, दिदीबहिनी, दाजुभाइहरूमार्फत लिखित, मौखिक, अनलाइन तथा अन्य विभिन्न माध्यमबाट प्रस्तुत

जनअपेक्षा र सुझावहरू, साथै विभिन्न विषयगत क्षेत्रसँग सम्बन्धित सरोकारवाला एवं विज्ञहरूसँगको औपचारिक अनौपचारिक परामर्शलाई समेट्दै आर्थिक वर्ष २०८३/८४ का लागि निम्न लिखित नीतिहरू अवलम्बन गरिनेछ। यी नीतिहरू समावेशी, सशक्त, उत्तरदायी र दिगो विकासलाई मार्गदर्शक सिद्धान्तको रूपमा अंगीकार गर्दै कार्यान्वयन गरिनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

४८. पूँजीगत बजेट खर्च क्षमता अभिवृद्धि गर्न आवधिक योजना र मध्यमकालिन खर्च संरचना र आयोजना वैंकलाई आधार मानी वार्षिक योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ। घोराही उपमहानगरपालिकाबाट पहिचान गरिएका स्थानीय गौरवका आयोजनाहरुमा प्राथमिकताका साथ लगानी गरिनेछ। अधुरा तथा क्रमागत आयोजनाहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

४९. पहुँच मार्ग, सहायक राजमार्ग, वैकल्पीक मार्ग, गाउँ टोल भित्रका साना सडकहरु निर्माण, मर्मत तथा स्तरोन्नती गरी नगरवासीहरुमा हरेक घरधुरीबाट २० मिनेट भन्दा वढी पैदल यात्रा गर्नु नपर्ने अर्थात सवारीको साधनको पहुँच सम्म जोडिनेछ र सडक निर्माणलाई तिव्रता दिइनेछ। उपमहानगरपालिका अन्तर्गत सवै वडा कार्यालयहरुमा वाह्रै महिना संचालन हुने गरी सडक स्तरोन्नती तथा कालोपत्रे कार्यलाई निरन्तरता दिइनेछ।

५०. उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरी संचालन गरिनेछ।

५१. आयोजनामा नागरिकहरुको अधिकतम सहभागिता र अपनत्व वढाउन अधिकतम लागत सहभागिता सुनिश्चित हुने आयोजनाहरुलाई प्राथमिकता साथ कार्यान्वयन गरिनेछ। साना तथा कम लागतका टुक्रे आयोजनाहरुलाई कम गर्दै परिणाममुखी बनाउन साथै बहुसंख्यक जनताहरुमा प्रत्यक्ष लाभ हुने आयोजना तयार गरिनेछ।

५२. गाउँवस्ती जोड्ने साना खोल्सा तथा खहरे खोलाहरुमा कल्भर्ट निर्माण गरी आवत जावतलाई सहज बनाइनेछ साथै संघीय सरकार तथा प्रदेश सरकारको लगानीमा ठूला नदी/खोलाहरुमा पुल निर्माणको लागि पहल गरिनेछ।

५३. नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम सुरक्षित नागरिक आवासका निमित्त राष्ट्रिय भवन संहिता अनुसार निजी तथा सार्वजनिक भवनहरुको नक्सापास अभियानलाई तिब्रता दिइनेछ। नक्सा पास अनुमति नलिएका घरधनीहरुको भवन निर्माण गर्ने ठेकेदार/निर्माण व्यवसायीलाई कारवाहीको दायरामा ल्याइनेछ।

५४. नयाँ निर्माण, मर्मत वा प्रवलिकरण हुने भवनहरुमा उर्जा खपत कम गरी भवनलाइ उर्जा प्रभावकारी बनाउने प्रयोजन, जलवायु अनुकुलन डिजाइनलाई प्रोत्साहन गर्न भवन निर्माण मापदण्डमा आवश्यक परिमार्जन सहित नक्सा पास प्रक्रियामा नियमन गर्ने ब्यवस्था लागु गरिनेछ। यससँग सम्बन्धित कार्यरत प्रविधिक कर्मचारी, दर्तावाला डिजाइनर तथा अन्य डिजाइनरहरुलाई क्षमता विकास सम्वन्धी तालिम तथा कार्यक्रम सञ्चालन गरिनेछ।

५५. नगर क्षेत्र भित्र रहेका खरका (फुस्का) छाना हटाइ खरका छाना मुक्त वडा बनाउँदै लगिनेछ। नगर क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरु पहिचान गरी संरक्षण गरिनेछ। जग्गा प्लटीङ्ग सम्बन्धी कानुनलाई कडाईका साथ कार्यान्वयनमा ल्याई अनाधिकृत जग्गा प्लटीङ्गलाई निरुत्साहीत गरिनेछ।

५६. प्रवलिकरण, नक्सा पास तथा सुरक्षित नागरिक आवास निर्माण गर्न संलग्न हुने प्रविधिक निर्माण व्यावसायी, डकर्मी, सिकर्मी, सामाग्री सप्लायर्श, डिजाइनर, इन्जिनियर, कन्सल्टेन्ट लगाएत अन्य संलग्न जनशक्तीको क्षमता अभिवृद्धी गरी नक्सा पासलाई वढाउदै लगिनेछ।

५७. भुमिगत जल भण्डार तथा पानीका मुहानहरु संरक्षण वर्षातको पानीलाइ रिचार्ज गर्ने तथा प्रसोधन गरी प्रयोगमा समेत ल्याउने प्रयोजनका लागि रेन वाटर हारवेस्टीङको प्रविधिलाई प्रोत्साहन गरिनेछ।

५८. नगरक्षेत्र भित्र बसोबास गर्ने सवै नगरवासीहरु लगायत विद्युतको पहुच नपुगेका गाउँ तथा वस्तीहरुमा विद्युत विस्तार गरी उज्यालो वस्ती अभियानको नीति लिइनेछ र पुर्ण विद्युतिकरण उज्यालो नगर क्रमसः घोषणा गरिनेछ।

५९. घोराही उपमहानगरपालिका क्षेत्रभित्र बसोबास गर्ने अति विपन्न वर्गहरुलाई लक्षित गर्दै विद्युतिय चुलो, तह तिनको सुधारिएको चुलो र घरायसी बायोग्यास लाई वैकल्पिक उर्जा प्रवद्र्धन केन्द्र सँग सहकार्य गरी विषेश रुपमा सहुलियत दिइनेछ।

६०. खानेपानी तथा सिँचाइका लागि डिप बोरिङ्ग खन्नु अघि आधुनिक प्रविधिको प्रयोग गरी पानीको उपलब्धता, अनुमानित उपयोग अवधि, विभिन्न तह (लेयर) मा रहेको पानीको परिमाणलगायत आवश्यक परीक्षण तथा सम्भाव्यता अध्ययन गरिनेछ। उक्त अध्ययनले उपयुक्त देखाएका स्थानहरूमा मात्र डिप बोरिङ्ग गरिनेछ। साथै, हालसम्म अधुरा रहेका डिप बोरिङ्ग तथा स्यालो ट्युबवेल निर्माण कार्य सम्पन्न गरी खानेपानी तथा सिँचाइको पहुँच विस्तार गरिनेछ।

६१. नगर क्षेत्रभित्र रहेका सम्भावित खोला, खोल्सी, सिमसार तथा अन्य उपयुक्त क्षेत्रहरूको सम्भाव्यता अध्ययन गरी पानीका मुहान संरक्षण, भूमिगत जलभण्डार स्थिर राख्ने, सिँचाइ, पर्यटन तथा रोजगारी सिर्जनामार्फत नगरवासीहरूको आर्थिक स्तर उकास्ने नीति अवलम्बन

गरिनेछ। साथै, निर्माण गरिएका जलाशयहरूमा निजी क्षेत्रसँगको साझेदारीमा व्यावसाय सञ्चालनको व्यवस्था गरिनेछ।

६२. भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको जग्गा व्यवस्थापनका लागि आवश्यक व्यवस्था गरी नापी नक्साको कार्य संचालन गरिनेछ।

**नगरसभा सदस्यज्यूहरु**

६३. कृषकको माग र आवश्यकतामा आधारित भई धान, गहुँ, मकै, मसुरो लगायत खाद्यान्न तथा मसला बालीका उन्नत बीउ ५० प्रतिशत अनुदानमा वितरण गरिनेछ। रासायनिक मलको प्रयोग न्यूनीकरण गर्न भर्मिकम्पोष्ट मल उत्पादनमा अनुदान, रैथाने बीउ संरक्षण तथा फर्म व्यवसायीलाई आवश्यक सामग्री अनुदानमा उपलब्ध गराइनेछ।

६४. नयाँ कृषि प्रविधि कृषकसम्म पुऱ्याउनका लागि वडा र वस्ती स्तरमा मागमा आधारित तालिम, अभिमुखीकरण, आईपिएम/कृषक पाठशाला, ऋपकटिङ कार्यक्रम र माटो जाँच शिविर सञ्चालन गरिनेछ। साथै मिनिटिलर मर्मत तालिम मार्फत कृषकहरुको प्राविधिक क्षमता विकास गरिनेछ।

६५. महिला तथा लक्षित वर्गका कृषकलाई तरकारी बालीको सिडकिट निःशुल्क वितरण गरिनेछ। किसान परिचयपत्र वितरणका लागि सूचीकरण कार्यक्रम जारी राखी राष्ट्रिय सूचना प्रणालीसँग आबद्ध गरिनेछ। कृषि सहकारी मार्फत कृषकलाई मल भण्डारण तथा प्रयोग सम्बन्धी अभिमुखीकरण गरिनेछ।

६६. बाँझो जमिन उपयोगका लागि भूमि बैंक कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ। अर्गानिक कृषि उत्पादनलाई प्राथमिकता दिँदै रैथाने प्रजातिको संरक्षण र जैविक विविधतामा टेवा पुऱ्याइनेछ। विद्यालयको दिवा खाजामा रैथाने बालीका परिकार समावेश गर्ने नीतिगत व्यवस्था गरिनेछ।

६७. खेतीयोग्य जमिनमा नहर, कुलो र भूमिगत सिँचाइ सुविधा विस्तार गरिनेछ। संघ, प्रदेश र स्थानीय तहको समन्वयमा बीउ, विजन र विषादी वितरण तालिम सञ्चालन गरिनेछ। चैते धान, बसन्ते मकै प्रदर्शन कार्यक्रम, कृषि मेला तथा कृषक दिवस जस्ता प्रसार कार्यक्रम सञ्चालन गरिनेछ।

६८. कृषक उत्पादनको बजारीकरण प्रवर्द्धन गर्न नगरका ४ स्थानमा साप्ताहिक हाटबजार सञ्चालनमा ल्याइनेछ।

६९. जीवन निर्वाहमुखी पशुपालनलाई व्यवसायिकरणतर्फ उन्मुख गराई नगरलाई दूध, अन्डा, मासु र दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाइनेछ। दूध तथा मासु उत्पादन वृद्धिका लागि

उन्नत जातका बोका वितरण, निःशुल्क कृत्रिम गर्भाधान सेवा र नश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

७०. लम्पीस्किन, पिपिआर, खोरेत, स्वाइनफिभर, रेबिज लगायत संक्रामक रोग विरुद्ध निःशुल्क खोप प्रदान गरी पशुपंछिमा पूर्ण खोपको सुनिश्चितता गरिनेछ। आवधिक तथा आकस्मिक पशु स्वास्थ्य शिविर, घर दैलो सेवा र नगरभित्रका पशु सेवा केन्द्रको सुदृढीकरण गरी छिटो छरितो सेवा प्रवाह गरिनेछ।

७१. "**गोठदेखि ओठसम्म**" स्वच्छ दुग्ध उत्पादनको सुनिश्चितताका लागि डिस्पेन्सरी सहितको पशु रोग निदान प्रयोगशाला सञ्चालनमा ल्याइनेछ।

७२. पशुको पोषण आवश्यकता पूरा गर्न पोषिला घाँसेबाली प्रवर्द्धन, नर्सरी स्थापना र हिउँदे घाँसको बीउ उत्पादन र वितरणलाई प्रभावकारी बनाउन प्रोत्साहन गरिनेछ। पशुपालनमा उत्पादन लागत घटाउन समयानुकूल यान्त्रिकीकरण विस्तार गर्दै लगिनेछ। साथै गाई/भैंसीको भकारो सुधार कार्यक्रम मार्फत अर्गानिक मल उत्पादनमा वृद्धि गरिनेछ।

७३. वैदेशिक रोजगारबाट फर्किएका नागरिक, गरिबीको परिचयपत्र प्राप्त परिवार, मुक्त कमलहरी तथा एकल महिला परिवारलाई लक्षित गरी पशु व्यवसाय अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। जुनोटिक रोग सचेतना, व्यवसाय जोखिम न्यूनीकरण र मागमा आधारित व्यावसायिक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

७४. चाक्लीघाटस्थित गौशालालाई थप व्यवस्थित गरिनेछ। माछापालन व्यवसायलाई व्यवस्थित गर्न पोखरी निर्माण, माछाका भुरा वितरण, रोग निदान तथा आधुनिक प्रविधि विकास मार्फत मत्स्यपालन क्षेत्रको विस्तार गरिनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

७५. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच, सहभागिता तथा गुणस्तर अभिवृद्धि सुनिश्चित गर्दै विद्यालयहरूमा Minimum Enabling Conditions (MEC) को विकास, आवश्यक शैक्षिक पूर्वाधार व्यवस्थापन तथा विद्यालयलाई सिकाइको आकर्षण केन्द्र(Centre for Excellence) का रूपमा विकास गरिनेछ।

७६. विद्यार्थीलाई विद्यालयमा भर्ना, नियमित उपस्थिति तथा सिकाइ प्रक्रियामा निरन्तर रूपमा सक्रिय बनाउन दिवा खाजा, छात्रवृत्ति, छात्राहरूका लागि सेनेटरी प्याड, निःशुल्क पाठ्यपुस्तक वितरण, वृत्ति मार्गनिर्देशन तथा कामको संसारसँग परिचित गराउने लगायतका विद्यार्थी सहायतामूलक कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

७७. अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि सामुदायिक विद्यालयहरूलाई विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान उपलब्ध गराउनुका साथै सिकाइ उपलब्धि अभिवृद्धिका लागि विद्यार्थी कार्यशाला, अतिरिक्त क्रियाकलाप, मनोपरामर्श, शैक्षिक भ्रमण, "**हामी सिकाउँछौं**" कार्यक्रम तथा STEAM प्रदर्शनीजस्ता नवप्रवर्तनशील कार्यक्रमहरू सञ्चालन गरिनेछ।

७८. शिक्षकहरूको पेशागत तथा व्यवस्थापकीय क्षमता अभिवृद्धिका लागि अनुसन्धान, तालिम, प्रशिक्षण, मेन्टरिङ, अनुभव आदानप्रदान, असल अभ्यासको प्रवर्द्धन लगायतका क्षमता विकास तथा वृत्ति विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

७९. विद्यालय सुशासन सुदृढीकरणका लागि विद्यालय नेतृत्व तथा व्यवस्थापन सुधार गरिनेछ। विद्यालयहरूको सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी एवं संस्थागत बनाइनेछ।

८०. संस्थागत विद्यालयहरूको व्यवस्थापनलाई थप प्रभावकारी, उत्तरदायी र पारदर्शी बनाउन स्वेच्छिक स्तरीकरण/श्रेणीकरण, शुल्क निर्धारण, पाठ्यपुस्तक व्यवस्थापन, छात्रवृत्ति वितरण तथा कार्यरत जनशक्तिको सेवा-सुविधा बैंकिङ प्रणालीमार्फत उपलब्ध गराउने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

८१. विद्यालय नक्सांकन तथा समायोजन (Merging, Downsizing तथा Rightsizing) सम्बन्धी अभियान सञ्चालन गरी उपलब्ध स्रोत-साधनको अधिकतम उपयोग सुनिश्चित गरिनेछ। साथै, सामुदायिक विद्यालयहरूको स्वामित्वमा रहेका जग्गा तथा सम्पत्तिको अभिलेखीकरण, संरक्षण, व्यवस्थापन तथा अतिक्रमण नियन्त्रणलाई प्राथमिकता दिइनेछ।

८२. विद्यार्थीहरुको सिकाई उपलब्धी अभिवृद्धि गर्न उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालयलाई प्रोत्साहन तथा पुरस्कार प्रदान गरिनेछ। कमजोर नतिजा भएका विद्यालयहरूको सुधारका लागि सम्बन्धित प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा सरोकारवाला निकायलाई थप जिम्मेवार बनाइनेछ। साथै, पाठ्यक्रम विकास केन्द्र द्वारा निर्धारित पाठ्यक्रम, पाठ्यघण्टा तथा शैक्षिक मापदण्ड अनुसार विद्यालय सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

८३. खेलकुद क्षेत्रको विकास र विस्तारको लागि खेलाडी तथा प्रशिक्षकलाई प्रशिक्षण, तालिम, खेल पूर्वाधार विकास, खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन र प्रोत्साहन लगायतका क्रियाकलापहरु संचालन गरिनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

८४. नेपालको संविधानले परिकल्पना गरेको निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी र नागरिक मैत्री बनाउनका लागि नियमित औषधी तथा उपकरणको आपूर्ति व्यवस्थित गरिनेछ साथै केही स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला सेवा शुरुवात गरिनेछ।

८५. महिलाहरूको प्रजनन स्वास्थ्य प्रवर्द्धनका लागि प्रजनन स्वास्थ्य सम्बन्धी सचेतना, परामर्श, स्क्रिनिङ तथा उपचार सेवालाई सुदृढ गर्दै पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, पाठेघर खस्ने समस्या, अब्स्टेट्रिक फिस्टुला लगायतका प्रजनन स्वास्थ्य समस्याको रोकथाम, पहिचान तथा व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरिनेछ।

८६. असहाय, बेसहारा, अति विपन्न, अपाङ्गता भएका व्यक्ति तथा प्रसूतिजन्य सेवाका आवश्यकता भएका नागरिकहरूको आपत्कालीन स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गर्न निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ। साथै नेपाल रेडक्रस सोसाइटीसँगको समन्वयमा नगर प्रमुख रक्तसञ्चार सेवा कार्यक्रम मार्फत नगरवासीलाई आवश्यक रगत निःशुल्क उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८७. सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य प्रवर्द्धनका लागि पूर्ण संस्थागत प्रसूति सेवा युक्त वडा हुँदै क्रमशः पूर्ण संस्थागत प्रसूति सेवा युक्त नगर घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। साथै गर्भावस्था, प्रसव तथा सुत्केरी अवस्थाका आमा र नवजात शिशुको स्वास्थ्य अवस्था नियमित अनुगमन, PNC Visit कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा मातृ एवं नवजात मृत्युदर न्यूनीकरणका लागि विशेष सुरक्षित मातृत्व कार्यक्रम सञ्चालन गरिनेछ।

८८. खोप सेवालाई सबै नागरिकको पहुँचमा पुऱ्याउने, पाँच वर्षमुनिका बालबालिकाको स्वास्थ्य तथा रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्ने, पोषण अवस्थाको नियमित लेखाजोखा, वृद्धि अनुगमन तथा पोषण सम्बन्धी सचेतना, परामर्श र उपचार कार्यक्रम सञ्चालन गरिनेछ।

८९. नसर्ने रोग, मानसिक स्वास्थ्य समस्या, क्षयरोग, कुष्ठरोग, सिकलसेल एनिमिया लगायतका रोगहरूको रोकथाम, पहिचान तथा नियन्त्रणका लागि जनचेतना, परामर्श, स्क्रिनिङ तथा आवश्यक उपचार व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ। साथै महामारी तथा विपद् व्यवस्थापनका लागि पूर्वतयारी तथा प्रतिकार्य टोली (RRT) लाई थप सुदृढ बनाइनेछ।

९०. राप्ती आँखा अस्पतालसँगको सहकार्यमा मोतियाबिन्दुको निःशुल्क शल्यक्रिया कार्यक्रमलाई निरन्तरता दिइनेछ तथा आँखा सम्बन्धी समस्यालाई न्यूनीकरणका लागि स्वास्थ्य संस्थाहरुमा आँखा जाँच कार्यक्रम संचालन गरिनेछ।

९१. नागरिक आरोग्य केन्द्रलाई व्यवस्थित एवं प्रभावकारी रूपमा सञ्चालन गर्दै आयुर्वेदिक तथा प्रवर्द्धनात्मक स्वास्थ्य सेवाको विस्तार गरिनेछ। निरोगी नेपाल अभियान अन्तर्गत योग, ध्यान, तनाव व्यवस्थापन, स्वस्थ जीवनशैली प्रवर्द्धन, लागुऔषध दुरुपयोग नियन्त्रण, मानसिक स्वास्थ्य प्रवर्द्धन तथा पञ्चकर्म सेवासहितका कार्यक्रम सञ्चालन गरिनेछ।

९२. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रदान गरिएको निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै यौन हिंसापीडित, द्वन्द्वपीडित परिवार, एचआईभी संक्रमित व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको लागि स्वास्थ्य सेवा, उपचार, हेरचाह, क्षमता विकास तथा सामाजिक सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ।

९३. विपन्न, असहाय तथा आर्थिक रूपमा कमजोर नागरिकहरूलाई मुटु, मिर्गौला प्रत्यारोपण, क्यान्सर लगायतका जटिल रोगहरूको उपचारमा आर्थिक सहायता उपलब्ध गराइनेछ तथा तोकिएका स्वास्थ्य संस्थाहरूबाट निःशुल्क उपचार सेवाको व्यवस्था मिलाइनेछ।

९४. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारी, स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम तथा कार्यक्रम सञ्चालन गरिनेछ। साथै विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम तथा ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य परीक्षण कार्यक्रमलाई प्रभावकारी रूपमा निरन्तरता दिइनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

९५. सामाजिक विभेद, छुवाछुत, लैङ्गिक विभेद, अन्धविश्वास, सामाजिक कुरीति तथा हिंसाजन्य व्यवहारको न्यूनीकरण गर्न टोल विकास संस्था लगायत सामुदायिक संरचनाहरूको परिचालनमार्फत सामाजिक सचेतना, सामाजिक परिचालन तथा व्यवहार परिवर्तन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै लैङ्गिक हिंसा, घरेलु हिंसा, बालश्रम, बालविवाह, बहुविवाह, दाइजो बोक्सी प्रथा जस्ता कुप्रथाको नियन्त्रण र न्यूनीकरणका लागि तथ्याङ्क संकलन, अभिलेखीकरण तथा लक्षित कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

९६. दलित सशक्तीकरण सम्बन्धी कानून निर्माण गरिनेछ[1]। स्थानीय तहबाट गठन हुने समिति, उपसमिति, कार्यदल तथा अन्य संरचनाहरूमा समानुपातिक तथा समावेशी सहभागिता सुनिश्चित गरिनेछ।

९७. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त, बेसहारा, बेवारिसे तथा जोखिममा रहेका नागरिकहरूको सामाजिक सुरक्षा तथा संरक्षण सुनिश्चित गर्न बालबालिका पुनर्स्थापना केन्द्र, जेष्ठ नागरिक आश्रय तथा दिवा सेवा केन्द्र, महिला सेवा

[1] संशोधन गरी थप गरिएको।

केन्द्र, मानव सेवा आश्रय गृह, अपाङ्गता पुनर्स्थापना केन्द्र लगायत संरक्षणमा आधारित संस्थाहरूको स्थापना, सुदृढीकरण तथा प्रभावकारी सञ्चालनलाई उच्च प्राथमिकता दिइनेछ।

९८. लैङ्गिक समानता तथा सामाजिक न्याय प्रवर्द्धनका लागि वार्षिक नीति, कार्यक्रम तथा बजेटमा लैङ्गिक उत्तरदायी बजेट प्रणाली अवलम्बन गरी लैङ्गिकमैत्री कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ।

९९. आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको सामाजिक, आर्थिक तथा संस्थागत सशक्तीकरणका लागि लक्षित कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

१००. लैङ्गिक हिंसा प्रभावित व्यक्ति तथा परिवारका लागि समुदायमा आधारित संरक्षण कार्यक्रम, अल्पकालीन आश्रयगृह (सेवा केन्द्र), राहत, पुनर्स्थापना तथा मनोसामाजिक सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै एकल महिला तथा लैङ्गिक हिंसा प्रभावित समूहहरूको क्षमता विकास तथा सशक्तीकरणमा विशेष जोड दिइनेछ।

१०१. बाल अधिकार संरक्षण तथा बालमैत्री वातावरण निर्माणका लागि बालश्रममुक्त नगर अभियानलाई निरन्तरता दिइनेछ। बालश्रममा संलग्न गराउने तथा पठाउने व्यक्तिको अभिलेख व्यवस्थापन र सार्वजनिकीकरण गरिनेछ। अनाथ, जोखिममा रहेका तथा सडक बालबालिकाको संरक्षण, पुनर्स्थापना तथा पुनःएकीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। नगरभित्र कम्तीमा एक बाल उद्यान निर्माण गरिनेछ। बालगृह तथा आपतकालीन आश्रयगृहहरूको न्यूनतम मापदण्ड समयानुकूल परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

१०२. युवा सशक्तीकरण तथा सामुदायिक नेतृत्व विकासका लागि **"एक वडा एक युवा क्लब"** कार्यक्रमलाई निरन्तरता दिइनेछ। स्काउटिङ गतिविधिहरु संचालन गरिनेछ।

१०३. टोल विकास संस्था, महिला सहकारी संस्था, बाल क्लब, बाल सञ्जाल, किशोरकिशोरी समूह, युवा समूह तथा सञ्जाल, दलित सञ्जाल तथा फरक क्षमता भएका व्यक्तिहरूका संस्थाको क्षमता विकास, संस्थागत सुदृढीकरण तथा संरचनागत विकासमा सहयोग गरिनेछ।

१०४. ज्येष्ठ नागरिकको सम्मानजनक जीवनयापन तथा सामाजिक सुरक्षाका लागि आवश्यकता अनुसार ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरूको क्रमिक विस्तार गरिनेछ। ज्येष्ठ नागरिकहरूको नियमित स्वास्थ्य परीक्षण तथा परामर्शका लागि वर्षमा कम्तीमा दुई पटक विशेषज्ञसहितको स्वास्थ्य शिविर सञ्चालन गरिनेछ तथा ज्येष्ठ नागरिक परिचयपत्रका आधारमा उपलब्ध सेवा-सुविधाको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय गरिनेछ।

१०५. अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क तथा अभिलेख प्रणालीलाई व्यवस्थित गरिनेछ र अपाङ्गताको प्रकृति तथा आवश्यकता अनुसार क्षमता विकास, पुनर्स्थापना तथा समावेशी सेवाका कार्यक्रम सञ्चालन गरिनेछ।

१०६. सरोकारवाला निकायहरूसँगको सहकार्यमा सडक मानवमुक्त नगर अभियानलाई निरन्तरता दिइनेछ।

**नगरसभा सदस्य ज्यूहरु**

१०७. खानेपानीको स्रोत, मुहान, जलाशय, जलाधार, नदी-नाला तथा तालतलैयाहरूको संरक्षण, पुनर्भरण, विकास तथा दिगो व्यवस्थापनका लागि सरोकारवाला निकाय, उपभोक्ता समिति तथा स्थानीय समुदायको सहभागिता अभिवृद्धि गर्दै सबै वडामा दिगो जलस्रोत तथा सरसफाइ व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै मुहान दर्ता तथा नवीकरण, मुहान संरक्षण, पानी परीक्षण तथा जलस्रोत सरसफाइका कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

१०८. खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सेवामा जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा सेवा उत्थानशीलताको अवधारणालाई समाहित गर्दै क्षेत्रगत क्षमता विकास, संस्थागत सुदृढीकरण, अध्ययन, अनुसन्धान तथा नवीन प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

१०९. नगरवासीलाई शुद्ध, सुरक्षित, गुणस्तरीय तथा दिगो रुपमा खानेपानी सेवा उपलब्ध गराउन खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको प्रभावकारी व्यवस्थापन, नियमन, अनुगमन तथा उपभोक्तामैत्री सेवा प्रणाली विकास गरिनेछ।

११०. वास (WASH) योजना कार्यान्वयन तथा आवश्यकता अनुसार थप आयोजना तथा कार्यक्रम समावेश गर्न बजेट व्यवस्था गरिनेछ।

१११. सामूहिक हित तथा दीर्घकालीन आवश्यकता परिपूर्तिका लागि खानेपानी तथा सरसफाइ पूर्वाधारहरूको विकास गर्न संघ, प्रदेश तथा अन्य सरोकारवाला निकायसँग समन्वय गरी प्राथमिकताका आधारमा आयोजना छनोट, लगानी व्यवस्थापन तथा कार्यान्वयन गरिनेछ।

११२. एकीकृत भलपानी, ढल, मानव मलमूत्रजन्य फोहर, स्वास्थ्यजन्य फोहर तथा ठोस फोहर व्यवस्थापनका लागि दीर्घकालीन गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। स्वास्थ्यजन्य फोहरको सङ्कलन, वर्गीकरण, पुनःप्रयोग, प्रशोधन, विसर्जन, सेवा शुल्क निर्धारण तथा नियमनलाई वैज्ञानिक र व्यवस्थित बनाइनेछ।

११३. शून्य वा न्यूनतम फोहर उत्सर्जन गर्ने, प्लास्टिकजन्य वस्तुको प्रयोग न्यूनीकरण गर्ने तथा फोहरपानी व्यवस्थापनमा उत्कृष्ट अभ्यास अवलम्बन गर्ने उद्योग, व्यवसाय तथा संस्थाहरूलाई प्रोत्साहन गरिनेछ। साथै निजी क्षेत्रको सहभागितामा मानव मलमूत्रजन्य फोहर, ठोस फोहर तथा फोहरपानीबाट ऊर्जा, ग्यास, मल तथा अन्य उपयोगी वस्तु उत्पादन गर्ने प्रविधि तथा उपकरणमा आवश्यक सहुलियत प्रदान गरिनेछ।

११४. घरधुरीबाट निस्कने फोहरमैलाको सङ्कलन तथा व्यवस्थापन, चोक, सडक र गल्लीहरूको सरसफाइ, ढल निकास, सतही पानी व्यवस्थापन, मरेका जनावरको उचित व्यवस्थापन तथा सार्वजनिक सरसफाइका कार्यक्रमलाई प्रभावकारी बनाइनेछ। खुला दिसामुक्त तथा पूर्ण सरसफाइयुक्त नगर कायम राख्न जनचेतना अभिवृद्धि र व्यवहार परिवर्तन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

११५. टोल विकास संस्थाहरूलाई फोहरमैला व्यवस्थापन तथा सरसफाइ कार्यक्रममा प्रभावकारी रूपमा परिचालन गरिनेछ। पूर्ण रूपमा फोहर वर्गीकरण गर्ने टोललाई प्रोत्साहन स्वरूप अनुदान उपलब्ध गराइनेछ तथा टोल विकास संस्था मार्फत सरसफाइ तथा फोहर व्यवस्थापन सम्बन्धी योजनाहरू कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

११६. नगर क्षेत्रबाट सङ्कलन हुने प्लास्टिकजन्य फोहरको दीर्घकालीन व्यवस्थापनका लागि पुनःप्रशोधन (रिसाइकल) प्रविधि तथा उपकरण स्थापना गर्न निजी क्षेत्र तथा सरोकारवाला निकायसँग सहकार्य गरिनेछ।

११७. ल्यान्डफिल साइट व्यवस्थापनलाई थप व्यवस्थित बनाउन बहुवर्षीय ठेक्का प्रणाली अवलम्बन गरिनेछ, प्रभावित क्षेत्रका नागरिकहरूको जीविकोपार्जन तथा सीप विकासका कार्यक्रम सञ्चालन गरिनेछ र फोहरमैला व्यवस्थापन सेवाको प्रभावकारिता अभिवृद्धिका लागि राजस्व तथा अनुगमन प्रणालीलाई समयानुकूल परिमार्जन गरी व्यवस्थित बनाइनेछ।

**नगरसभा सदस्यज्यूहरु**

११८. सरकारी तथा गैरसरकारी निकाय, अन्तरपालिका तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिहरूसँग समन्वय गरी विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा व्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू समुदायस्तरसम्म विस्तार गरिनेछ।

११९. प्रमुख प्रकोपहरूको नियमित अनुगमन, पूर्वानुमान तथा पूर्वसूचना प्रणालीको विकास गरी पूर्वानुमानमा आधारित विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाहरू कार्यान्वयन गरिनेछ। साथै विपद् व्यवस्थापन, खोज तथा उद्धार सम्बन्धी नमुना अभ्यास तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

१२०. विपद् प्रभावित तथा उच्च जोखिमयुक्त क्षेत्रहरूको पहिचान, जोखिम आँकलन, नक्शाङ्कन, खुला क्षेत्र तथा सुरक्षित आश्रयस्थल व्यवस्थापन, राहत वितरण मापदण्डको प्रभावकारी कार्यान्वयन तथा नगरस्तरीय विपद् व्यवस्थापन कोषको सुदृढ सञ्चालन गरिनेछ।

१२१. विपद्बाट क्षतिग्रस्त तथा जोखिमयुक्त भौतिक संरचनाहरूको संरक्षण, मर्मतसम्भार तथा पुनर्निर्माण कार्यलाई निरन्तरता दिइनेछ। साथै आपतकालीन कार्य सञ्चालन केन्द्र, दमकल, एम्बुलेन्स तथा उद्धार सामग्री र उपकरणहरूको क्षमता विस्तार तथा व्यवस्थापन गरिनेछ।

१२२. **"पानीमा माछा, जमिनमा जंगल, आकाशमा पंछी"** भन्ने अवधारणालाई आत्मसात गर्दै स्वच्छ, हराभरा तथा प्रदूषणमुक्त नगर निर्माणका लागि जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन, वातावरण संरक्षण तथा फोहोर न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै ४० माइक्रोनभन्दा कम मोटाइका प्लास्टिक झोलाको उत्पादन, बिक्री तथा प्रयोगमा पूर्ण प्रतिबन्ध लगाइनेछ।

१२३. सार्वजनिक स्थल, सडक किनार, खोला उकास, सरकारी कार्यालय परिसर, विद्यालय तथा निजी जग्गामा वृहत वृक्षारोपण अभियान सञ्चालन गरिनेछ।

१२४. वन संरक्षण तथा वन क्षेत्र विस्तारका लागि **"समृद्धिका लागि वन"** अभियान अन्तर्गत सार्वजनिक तथा निजी वन दर्ता, संरक्षण र व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ। वातावरण, वन तथा विपद् सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरू मनाउँदै जनचेतना अभिवृद्धि गरिनेछ।

१२५. दिगो विकास तथा हरित अर्थतन्त्र प्रवर्द्धनका लागि वैकल्पिक ऊर्जा, जैविक कृषि, वातावरणमैत्री प्रविधि तथा आकाशे पानी पुनर्भरण प्रणालीको प्रयोगलाई प्रोत्साहन गरिनेछ। वातावरणीय सौन्दर्य अभिवृद्धिका लागि चौतारी, मिनीपार्क, प्रतिक्षालय निर्माण गरिनेछ। घोराही-१३ मौलाकोटमा जंगली च्याउको खोज, अध्ययन तथा उत्पादन परीक्षण केन्द्रको लागि साम्भाव्यता अध्ययन गरिनेछ।

**नगरसभा सदस्यज्यूहरु**

१२६. ३५ दिन भित्र घटना दर्ता गर्ने सेवाग्राहीहरुको संख्यामा वृद्धि गर्नका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ। घोराही उपमहानगरपालिकालाई **"व्यक्तिगत घटना दर्ता पूर्णता घोषणा"** गर्न सरोकारवाला सबैको सहभागिता तथा सहकार्यमा व्यक्तिगत घटना दर्ता अभियान संचालन गरिनेछ।

१२७. सहकारी ऐन, नियम, नीति, विधि तथा नवीनतम अभ्यासको प्रभावकारी कार्यान्वयनका लागि PEARLS र MCI सूचकका आधारमा सहकारी संस्थाहरूको नियमित अनुगमन,

मूल्याङ्कन तथा सहकारी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। साथै जिल्ला सहकारी संघ तथा विषयगत संघहरूसँग समन्वय र सहकार्य गरी सहकारी क्षेत्रलाई विविधीकरण तथा सुदृढीकरण गरिनेछ।

१२८. सहकारी संस्थाहरूको संस्थागत तथा व्यवस्थापकीय क्षमता विकासका लागि आवश्यक तालिम तथा अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ। सहकारीका सिद्धान्त, मूल्य, मान्यता, आदर्श र उद्देश्यलाई सूचना तथा सञ्चार प्रविधि मार्फत जनस्तरसम्म पुऱ्याई सहकारी शिक्षाको विस्तार गरिनेछ। साथै सबै सहकारी संस्थालाई सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आबद्ध गरी सूचना व्यवस्थापन तथा प्रविधिमैत्री सहकारी विकासलाई प्रोत्साहन गरिनेछ।

१२९. सहकारी क्षेत्रको गुणात्मक विकासलाई प्राथमिकता दिँदै समान प्रकृतिका सहकारी संस्थाहरूबीच एकीकरणलाई प्रोत्साहन गरिनेछ।

१३०. तत्कालीन साझा सहकारी संस्थाबाट ऋण लिई लामो समयदेखि जग्गा रोक्का रहेका किसानहरूको जग्गा फुकुवाका लागि संघीय सरकार समक्ष आवश्यक पहल तथा अनुरोध गरिनेछ।

**नगरसभा सदस्य ज्यूहरु,**

१३१. नगरका पर्यटकीय सम्पदाहरूको विवरण अद्यावधिक गरी पर्यटकीय क्षेत्रको प्रचारप्रसार तथा प्रवर्द्धनलाई थप प्रभावकारी बनाइनेछ।

१३२. नगरका पर्यापर्यटकीय महत्व बोकेका क्षेत्रहरूमा पदमार्गलगायत आवश्यक पर्यटन पूर्वाधारहरूको विकासमा विशेष जोड दिइनेछ। साथै, पर्यटन प्रवर्द्धनका लागि घोराही उपमहानगरपालिका भित्र रहेका जलाशयहरूमा आवश्यक पर्यटकीय पूर्वाधारहरूको निर्माण गरिनेछ।

१३३. स्थानीय भाषा, कला, साहित्य तथा संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ। पर्यटन व्यवसायसँग सम्बद्ध सरोकारवालाहरूको प्रोत्साहन तथा प्रवर्द्धनका लागि उपयुक्त कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१३४. विपन्न गरिब घरधुरी परिवारका नागरिकहरुलाई आयमूलक, सीपमूलक, उत्पादनशील र स्वरोजगारी सिर्जनाका लागि सचेतनामूलक उद्यमशीलता तथा सीप विकास कार्यक्रमहरु संचालन गरिनेछ ।

१३५. **"एक वडा एक उत्पादन"**, **"एक घर एक उद्यम"** लाई व्यवहारिक कार्यन्वयन गरी नागरिकको जीवन स्तर माथि उठाउन आर्थिक आयआर्जनका क्रियाकलाप गतिविधी बढाई नव पर्वद्धन सिजर्नशील कामका लागि थप गतिशील बनाउन पहल गरिनेछ ।

१३६. स्थानीय उत्पादित वस्तुहरुको प्रवर्द्दन तथा बजारीकरणका लागि प्याकेजिङ लेवलिङ तथा ब्राण्डिङका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

१३७. स्थानीय बजारमा अस्वस्थ प्रतिस्पर्धा, कृत्रिम अभाव, कालोबजारी, म्याद गुज्रेका तथा गुणस्तरहीन वस्तुको बिक्रीवितरण नियन्त्रण गरी बजारलाई व्यवस्थित, पारदर्शी तथा उपभोक्तामैत्री बनाउन नियमित तथा आकस्मिक बजार अनुगमनलाई प्रभावकारी बनाइनेछ। प्रत्येक व्यवसायिक प्रतिष्ठानमा मूल्य सूची अनिवार्य कार्यान्वयन गराई आवश्यक नियमन तथा कारबाहीको व्यवस्था गरिनेछ।

१३८. उपभोक्ताको हकअधिकार संरक्षण तथा गुनासोको शीघ्र सुनुवाइ सुनिश्चित गर्न हेल्पलाइन, अनलाइन प्रणाली तथा वडा तहसम्म गुनासो व्यवस्थापन र विवाद समाधान संयन्त्रलाई सुदृढ बनाइनेछ। उपभोक्ता संरक्षण समिति मार्फत स्थानीय स्तरमै गुनासो तथा विवादको प्रभावकारी सम्बोधन गरिनेछ।

१३९. निजी क्षेत्रको सहकार्यमा बजार क्षेत्रमा सवारी पार्किङ स्थलहरु व्यवस्थित गरिनेछ।

१४०. खाद्य तथा उपभोग्य वस्तुको गुणस्तर सुनिश्चित गरी उपभोक्ताको स्वास्थ्य सुरक्षा अभिवृद्धि गर्न नमुना संकलन, खाद्य परीक्षण, होटल तथा रेष्टुरेन्ट अनुगमन लगायतका कार्यक्रम सञ्चालन गरिनेछ। उपभोक्तामा खाद्य स्वच्छता, उपभोक्ता अधिकार तथा गुणस्तरीय वस्तु छनोट सम्बन्धी जनचेतना अभिवृद्धिका कार्यक्रम विद्यालय, समुदाय तथा सञ्चार माध्यम मार्फत सञ्चालन गरिनेछ।

१४१. चाडपर्वका समयमा कृत्रिम मूल्यवृद्धि तथा कालोबजारी नियन्त्रण गरी सर्वसाधारणलाई सहुलियत दरमा दैनिक उपभोग्य वस्तु उपलब्ध गराउन सुपथ पसल सञ्चालन तथा स्थानीय उत्पादनको प्रवर्द्धन गरिनेछ। उपभोक्ता अधिकार संरक्षण सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित निकायहरूसँग समन्वय तथा संयुक्त अनुगमन कार्यक्रम सञ्चालन गरिनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

१४२. राजस्व संकलन तथा व्यवस्थापनका लागि महालेखा नियन्त्रक कार्यालयले प्रयोगमा ल्याएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली मार्फत राजस्व संकलन प्रणाली क्रमशः लागू गरिनेछ।

१४३. राजस्व सम्बन्धी ऐनको तर्जुमा गरी व्यवसाय कर र घर बहाल करलाई थप व्यवस्थित गरिनेछ। करलाई प्रत्यक्ष सेवासँग जोडि राजस्व चुहावटलाई नियन्त्रण गरिनेछ।

१४४. हालसम्म पनि व्यवसाय करको दायरामा नआएका व्यवसायीहरुको दर्ता प्रक्रियालाई सहज बनाइ सबै व्यवसायहरुलाई करको दायरामा ल्याउन आ.ब. २०८३/८४ लाई **"घोराहीमा कानूनी व्यापार, दर्ता गर्न सबै तयार"** अभियान बर्षको रुपमा मनाइनेछ ।

१४५. गैरकरलाई थप परिमार्जित र बैज्ञानिक बनाउँदै सेवा बिनियमको आधारमा शूल्क लिने सिद्धान्तलाई आत्मसाथ गरिनेछ। व्यवसाय करको दरलाई व्यवसायको प्रकृति, पूँजिगत लगानी र आर्थिक कारोबारका आधारमा थप परिमार्जित गरिनेछ।

१४६. वडाहरुलाई राजस्व संकलनमा प्रोत्साहित गर्न वडाको बृद्धि भएको राजस्वको १०% प्रोत्साहन स्वरुप बजेटमा थप गरि उपलब्ध गराइनेछ।

१४७. बहालमा रहेका घर जग्गाहरुको तथ्याङ्क राजस्व गस्ति मार्फत संकलन गरी सबै घरजग्गा धनिहरुलाई बहाल करको दायरामा ल्याइनेछ।

१४८. शैक्षिक परामर्श केन्द्र, भाषा प्रशिक्षण केन्द्र तथा निजी क्षेत्रका तालिम सेवा केन्द्रहरुलाई करको दायरामा ल्याइनेछ।

१४९. आर्थिक वर्षको पौष मसान्तभित्र सम्पत्ति कर, मालपोत, व्यवसाय कर तथा बहाल कर बुझाउने करदाताको लागि करमा छुटको व्यवस्था गरिनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

१५०. न्यायिक समितिको कार्यसम्पादनलाई प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउन अर्धवार्षिक पत्रकार सम्मेलन, सरोकारवाला पक्षसँग अन्तरक्रिया, वडा अध्यक्ष/वडा सचिवसँग समन्वय तथा अन्य स्थानीय तहसँग अनुभव आदन प्रदान कार्यक्रम सञ्चालन गरिनेछ।

१५१. न्यायमा सबै नागरिकको पहुँच सुनिश्चित गर्न नागरिक साक्षरता कार्यक्रम, विपन्न, अशक्त तथा पहुँच र अवसरबाट वञ्चित वर्ग लक्षित न्यायिक घुम्ती शिविर, साथै माध्यमिक तहका विद्यार्थीहरूसँग स्थानीय सरकार सञ्चालन ऐन तथा न्यायिक समितिको भूमिका सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

१५२. मेलमिलाप तथा विवाद समाधान प्रणालीलाई सुदृढ बनाउन सूचीकृत मेलमिलापकर्ताको क्षमता अभिवृद्धि कार्यक्रम तथा नयाँ मेलमिलापकर्ताहरूका लागि मेलमिलाप सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

१५३. उपमहानगरपालिकाबाट सम्पादित कार्यहरूलाई पारदर्शी, उत्तरदायी तथा परिणाममुखी बनाउन नियमित त्रैमासिक तथा वार्षिक प्रगति समिक्षा, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण लगायतका सुशासन प्रवर्द्धन गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१५४. नागरिकको सूचनाको हकलाई सुनिश्चित गर्न स्वतः प्रकाशन प्रणालीलाई प्रभावकारी बनाइनेछ। साथै विभिन्न सूचना, प्रतिवेदन, अभिलेख तथा दस्तावेजहरू व्यवस्थित रूपमा तयार गरी वेबसाइट तथा अन्य डिजिटल माध्यम मार्फत सार्वजनिक गरिनेछ।

१५५. उपमहानगरपालिकाबाट प्रवाह हुने सेवाहरूलाई थप सरल, छरितो, पारदर्शी र सेवाग्राहीमैत्री बनाउन आधुनिक सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गरिनेछ। सेवाको गुणस्तर अभिवृद्धिका लागि आवश्यक डिजिटल प्रणालीहरूको विकास, विस्तार तथा कार्यान्वयन गरिनेछ। सेवा प्रवाहमा "कागजको न्यून प्रयोग (Less Paper)" को अवधारणा अवलम्बन गरिनेछ।

१५६. सार्वजनिक सेवा प्रवाहलाई अझ प्रभावकारी, द्रुत, पारदर्शी र नागरिकमैत्री बनाउन कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence-AI) लगायतका नवीन प्रविधिको प्रयोगलाई प्राथमिकता दिइनेछ। साथै कर्मचारीहरूको सूचना प्रविधि सम्बन्धी ज्ञान, सीप र दक्षता अभिवृद्धिका लागि क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१५७. नगरका गतिविधि, योजना तथा उपलब्धिहरूलाई प्रभावकारी रूपमा नगरवासीसमक्ष पुऱ्याउन रेडियो, टेलिभिजन तथा अन्य सञ्चार माध्यम मार्फत कार्यक्रमहरू सञ्चालन गरिनेछ। पत्रकारहरूको व्यवसायिक क्षमता विकासका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

**नगरसभा सदस्यज्यूहरु**

१५८. वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित, व्यवस्थित र उपलब्धिमूलक बनाउन टोल स्तरदेखि नगर स्तरसम्म जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। साथै आप्रवासी कामदार तथा आश्रित परिवारको अधिकार सुनिश्चित गर्न संघीय सरकार, प्रदेश सरकार, वैदेशिक रोजगार बोर्ड तथा सम्बन्धित निकायहरूसँग समन्वय र लागत साझेदारीमा सुरक्षित

वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श, वित्तीय साक्षरता, सीप विकास तथा पुनःएकीकरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१५९. स्वदेश फर्केका आप्रवासी श्रमिकहरूको ज्ञान, सीप, अनुभव र पुँजीको सदुपयोग गर्दै स्थानीय स्तरमा रोजगारी सिर्जना, उद्यमशीलता विकास तथा व्यवसाय प्रवर्द्धन गरिनेछ। साथै श्रमिक तथा उहाँको परिवारको सहभागितामा सामाजिक संस्था तथा सहकारीहरूको स्थापना एवं विस्तार गरी पुँजी निर्माण, उत्पादनमूलक लगानी र आर्थिक सशक्तीकरणलाई प्रोत्साहन गरिनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

१६०. उपमहानगरपालिकाबाट प्रवाह हुने सेवालाई थप गुणस्तरीय, प्रभावकारी, छरितो तथा नागरिकमैत्री बनाउन प्रशासनिक संयन्त्रलाई चुस्त-दुरुस्त बनाइनेछ। साथै कर्मचारीहरूको कार्यसम्पादन क्षमता अभिवृद्धि गर्न आवश्यकतामा आधारित तालिम, अभिमुखीकरण तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१६१. कर्मचारीहरूलाई नतिजामुखी, उत्तरदायी र कार्यसम्पादनप्रति प्रतिबद्ध बनाउन महाशाखा, शाखा तथा वडा कार्यालयको कार्यक्षेत्रअनुसार स्पष्ट कार्यसम्पादन सूचकहरू निर्धारण गरी सम्बन्धित महाशाखा/शाखा प्रमुख तथा वडा सचिवहरूसँग कार्यसम्पादन सम्झौता (Performance Contract) गरिनेछ।

१६२. कर्मचारीहरूको मनोबल अभिवृद्धि तथा पेशागत सुरक्षाका लागि सङ्घीय सरकारद्वारा निर्धारित मापदण्ड अनुसार बढेको तलब, भत्ता तथा अन्य सुविधाहरू कार्यान्वयन गरिनेछ। साथै आगामी आर्थिक वर्षदेखि घोराही उपमहानगरपालिकामा कार्यरत सबै प्रकारका करार सेवाका कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ। नगर प्रहरीको दरबन्दी पुनःसंरचना गरिनेछ।

१६३. उपमहानगरपालिकाको अनुदानबाट तलब भुक्तानी हुने शिक्षक, स्वयंसेवक शिक्षक, खेल प्रशिक्षक, सामुदायिक अध्ययन केन्द्रका परिचालक, विद्यालय कर्मचारी र वालविकासका सहजकर्ताहरुको तलबमा बढोत्तरी गरिनेछ।

१६४. उपमहानगरपालिकाबाट सम्पादन हुने कार्यहरूलाई मितव्ययी, प्रभावकारी, नियमित, पारदर्शी तथा कार्यदक्षतापूर्ण बनाउन आन्तरिक नियन्त्रण प्रणालीलाई थप सुदृढ गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। साथै वित्तीय व्यवस्थापन तथा प्रतिवेदन प्रणालीलाई विश्वसनीय, उत्तरदायी र कानुनसम्मत बनाउँदै सुशासन प्रवर्द्धनमा विशेष जोड दिइनेछ।

१६५. उपमहानगरपालिकाको स्वामित्वमा रहेका भवन जग्गा तथा जिन्सी सामग्रीहरुको संरक्षण गर्ने तथा बर्गीकृत विवरण अद्यावधिक राखिनेछ। सार्वजनिक सम्पत्ती व्यवस्थापनलाई थप प्रभावकारी बनाउन आधुनिक सूचना प्रविधि र कृत्रिम बुद्धिमत्ताको उपयोग गरिनेछ।

१६६. संघीय मन्त्रालयहरु, प्रदेश मन्त्रालयहरु तथा विभाग, विषयगत कार्यालयहरु, जिल्ला समन्वय समिति, जिल्ला भित्रका स्थानीय तह, गैर सरकारी संस्था लगायत सरोकारवालाहरुसँगको समन्वय र सहकार्यलाई प्रभावकारी एवं नतिजामूलक बनाइनेछ।

१६७. अन्तर स्थानीय तहसँग सम्बन्धित साझा सरोकारका आयोजनाहरु पहिचान गरी क्रमशः कार्यान्वयन गरिनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

१६८. यस सम्मानित नगर सभामा प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट नगरवासीका आधारभूत आवश्यकता क्रमशः परिपूर्ति हुँदै जीवनस्तरमा उल्लेखनीय सुधार आउने विश्वास लिएको छु। उपलब्ध स्रोत, साधन र अवसरहरूको उच्चतम सदुपयोग मार्फत आर्थिक, सामाजिक तथा पूर्वाधार विकासले गति लिनेछ। साथै विकासका प्रतिफलहरू समाजका सबै वर्ग, क्षेत्र, समुदाय तथा लक्षित समूहसम्म समान रूपमा पुग्दै समावेशी विकासको सुनिश्चितता हुनेछ। यस प्रक्रियाबाट सामाजिक न्याय, सुशासन र जनसहभागितामा आधारित स्थानीय लोकतन्त्र थप सुदृढ र सबल बन्ने अपेक्षा गरेको छु।

१६९. उल्लेखित नीति तथा कार्यक्रम उपमहानगरपालिकाको एक्लो प्रयासबाट मात्र कार्यान्वयन गर्न सम्भव हुने छैन। यसका लागि संघ तथा प्रदेश सरकार, राजनितिक दल, नागरिक समाज, उद्योगी, व्यवसायी, सरकारी , गैरसरकारी क्षेत्र, संघ संस्था, टोल विकास संस्था, पेशाकर्मी बुद्धिजिवी, संचारकर्मी लगायत सबै नगरवासी, आमा बुवा दिदी बहिनी, दाजुभाईको सक्रिय साथ र सहयोग रहने बिश्वास लिएको छु।

१७०. अन्तमा घोराही उपमहानगरपालिकाको समग्र विकासमा महत्वपूर्ण योगदान गर्नुहुने जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, सरकारी तथा गैर सरकारी क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, सञ्चार जगत लगायत सम्पूर्ण नगरवासी आमाबुवा, दाजुभाई, दिदी बहिनीहरुमा हार्दिक धन्यबाद व्यक्त गर्दछु।

**धन्यवाद ।**

**इति सम्वत् २०८३ साल असार ३ गते रोज ४ शुभम् ।**